# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. :- २०८३।०८४
च.नं. :- २२६

मिति : २०८३/०५/२९

## सूचना

विषय: ठेक्का रद्द गरिएको सम्बन्धमा।

यस कार्यालयबाट ठेक्का नं. 01/KRM/Internal Revenue/2083/084 अन्तर्गतको कार्यका लागि बोलपत्र आह्वान भई बोलपत्र पेश गर्ने कार्य सम्पन्न भएकोमा बोलपत्र खोल्ने कार्य मिति २०८३/०५/१५ गते दिनको १२:१५ बजे हुने गरी निर्धारण गरिएको थियो।

यसै सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालय, सूचना प्रविधि शाखा, काठमाडौँबाट मिति २०८३/०४/११ गते प्रकाशित सूचना तथा जानकारी सम्बन्धमा जारी सूचनामा हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकोले प्रणालीको मर्मतसम्भार तथा सुधार कार्य भइरहेको हुँदा अर्को सूचना जारी नभएसम्मका लागि विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन गर्न सम्बन्धित सार्वजनिक निकायहरूलाई अनुरोध गरिएको व्यहोरा जानकारी गराइएको थियो।

तर, उक्त ठेक्काको मिति २०८३/०५/१५ गते दिनको १२:१५ बजे बोलपत्र खोल्ने कार्य बाँकी रहेको अवस्थामा भोटेकोशी नदीमा आएको बाढी तथा सोबाट उत्पन्न प्रतिकूल परिस्थितिका प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले तोकेको क्षेत्रमा पूर्ण रूपमा क्षति पुगेको प्राविधिक प्रतिवेदन समेत प्राप्त भएकाले र हालको परिस्थितिमा उक्त ठेक्काको प्रक्रिया अगाडि बढाउन उपयुक्त नभएकाले ठेक्का नं. 01/KRM/Internal Revenue/2083/084 गाउँ कार्यपालिकाको मिति २०८३/०५/२१ गतेको निर्णयानुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत